संविधानसभाबाट पारित मितिः २०७०/१२/२१

## संविधानसभा सचिवालयको सूचना

## संविधानसभाले संविधानसभा नियमावली, २०७० को नियम १५१ बमोजिम देहाय वमोजिमको कार्यतालिका

## (संविधानसभा नियमावली, २०७० को नियम १५१ संग सम्बन्धित)

| क्रस | मुख्य गतिविधी | कार्यअवधि | संविधानसभाको पुर्ण वैठकले सम्पन्न गर्ने | सम्बन्धित समितिले सम्पन्न गर्ने | समानान्तर गतिविधी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | समितिका सभापतिको निर्वाचन | २०७१ वैशाख १५ सम्म | संविधानसभाका समितिहरुको गठन पुर्ण वैठकबाट भइसकेको । | सबै समितिले सभापतिको निर्वाचन गर्ने ।<br>सबै समितिहरुले आफनो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा केन्द्रित रहेर कार्ययोजना बनाई सोअनुरुप कार्य संचालन गर्ने । | संविधानसभाको सचिवालयले सबै समितिको लागि अलग-अलग सचिवालयको व्यवस्था गरी जनशक्तिलगायत भौतिक साधन र स्रोतको व्यवस्था मिलाउने विशेषज्ञको सम्बन्धमा सचिवालयले आफनो दृष्टिकोण कार्यव्यवस्था | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | समितिमा पेश गर्ने । | |
| २ | संविधान निर्माण कार्यसँग सम्बन्धित स्रोत सामाग्रीको व्यवस्था गरी वितरण गर्ने र स्रोत केन्द्रको विकास एवं व्यवस्थापन गर्ने । | निरन्तर | | क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन समितिले सो कार्य गर्ने । | संविधानसभाका सदस्यहरु एवं व्यवस्थापिका-संसदका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यकताअनुसार तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया आदि कार्यक्रमहरु संचालन गर्ने ।<br><br>अनुसन्धान तथा पुस्तकालय शाखाले संविधान स्रोत केन्द्रको रुपमा कार्य गर्ने । | |
| ३ | (क) संविधान अभिलेख अध्ययन तथा निक्र्यौल समितिले तत्कालिन संविधानसभाले संविधान निर्माणका लागि तयार गरेको दस्तावेज अध्ययन गरी | २०७१ जेठको दोस्रो हप्तासम्म । | संविधानसभामा पेश भएको संविधान अभिलेख अध्ययन तथा निक्र्यौल समितिको पुर्ण | विगतको संविधानसभाबाट गठित समितिको अवधारणापत्रसहितको अभिलेअहरुको समितिले अध्ययन गर्ने । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहमतिका विषय र विवादित विषय निक्यौंल गरी सभामा पुर्ण वा आंशिक प्रतिवेदन पेश गर्ने ।<br>(ख) संविधान अभिलेख अध्ययन तथा निक्यौंल समितिको प्रतिवेदनमाथि सैद्धान्तिक छलफल गरी सहमति भएका विषयहरु सभाले मस्यौदाका लागि संविधान मस्यौदा समितिमा पठाउने ।<br>(ग) सभाले असहमति भएका विषयहरु सहमति गर्न आवश्यक निर्देशनसहित संवैधानिक-राजनैतिक संवाद समितिमा पठाउने । | | वा आंशिक प्रतिवेदनमा छलफल गर्ने निर्णय लिइने । | सहमति/असहमति रहेका विषय छुट्टयाइने, छलफल गरी प्रतिवेदन तयार गर्ने । | | |
| ४ | संवैधानिक-राजनैतिक संवाद तथा सहमति समितिमा संविधानसभाभित्र रहेका र वाहिर रहेका | | संवैधानिक-राजनैतिक संवाद तथा सहमति समितिले पेश | संविधानको अर्न्तवस्तुमा राजनैतिक दलहरुवीच निर्धारित समयसीमाभित्र | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | राजनीतिक दल वीच मतभिन्नता रहेका संविधानका अर्न्तवस्तुहरुमा राजनैतिक दलहरुसँग छलफल, अर्न्तक्रिया गर्ने, वाहिर रहेका दलसँग सहमति कायम गर्ने ।<br>(क) राजनैतिक दलवीच मतभिन्नता रहेका विषयहरुमा सहमति कायम गर्ने,<br>(ख) छलफलमा उठेका नयाँ विषयहरु पनि सहमति गराई समावेश गर्ने । (सहमतिको लागि अन्तिम समयसीमा)<br><br>(ग) सहमति हुन नसकेमा पुनः निर्णयार्थ संविधानसभामा प्रतिवेदन पेश गर्ने । ( सहमति हुन नसकेमा प्रक्रियामा जाने) | २०७१ भाद्र तेस्रो हप्तासम्म<br><br>२०७१ भाद्र मसान्तसम्म | गरेको विषयमा छलफल गरी कुनै सुझाव भए सुझावसहित पारित गरेर संविधान मस्यौदा समितिमा पठाउने । | सहमति कायम गर्ने ।<br><br>संविधानको अर्न्तवस्तुमा दलहरुवीच मतभिन्नता रहेका विषयमा सहमति कायम हुन नसकेका विषयहरुको सूची तयार गर्ने । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | संविधानसभावाट सहमति भएका विषयहरुमा मस्यौदा गर्ने । | निरन्तर | मस्यौदा समितिले तयार गरेको संविधानको पहिलो मस्यौदा पूर्ण वैठकमा पेश गरी छलफल गर्ने । | संविधान मस्यौदाको मुलभुत सिद्धान्तहरु, अन्तराष्ट्रिय मान्यताहरु र विगतका संविधानहरुको सैद्धान्तिक रुपमा अध्ययन तथा छलफल गर्ने ।<br><br>संविधान मस्यौदा समितिले संविधानको पहिलो मस्यौदा तयार गर्ने । | | |
| ६ | क) संविधानको पहिलो मस्यौदालाई अन्तिम रुप दिई जनताको राय प्रतिक्रियाको लागि नेपाल राजपत्रमा प्रकाशन गर्ने ।<br><br>(ख) नागरिक सम्बन्ध संविधान सुभाव समितिले संविधानको पहिलो मस्यौदामाथि जनताको राय सुझाव | २०७१ असोज मसान्तसम्म | | पुर्ण वैठकमा भएको छलफल र सुझावका आधारमा संविधान मस्यौदा समितिले पहिलो मस्यौदालाई अन्तिम रुप दिने । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लिने अन्तिम समयसीमा तोकी कार्ययोजना तयार गर्ने । | | | | | |
| ७ | (क) संविधानको पहिलो मस्यौदामाथि व्यापक सुनुवाई, गोष्ठी, अन्तक्रिया गराउने ।<br><br>(ख) जुनसुकै माध्यमबाट आएका सुझाव संकलन गर्ने ।<br><br>(ग) माननीय सदस्यहरु आ-आफनो जिल्ल, क्षेत्र, मुलुकका विभिन्न भागमा जाने र जनताका राय सुझाव लिने । | २०७१ कार्तिक मसान्तसम्म | नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको कार्ययोजनामाथि छलफल गर्ने र आवश्यक निर्देशन दिने । | यो कार्य विशेषत नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको कार्ययोजना अनुरुप हुने ।<br><br>संविधानको पहिलो मस्यौदामाथि कम्तीमा प्रत्येक जिल्लामा सार्वजनिक सुनुवाई गर्ने ।<br><br>संविधानसभाका सबै समिति, सदस्यहरु र कर्मचारीहरु संलग्न रहने । | संविधानसभाको अतिरिक्त नेपाल सरकार, नागरिक समाज, संघ संस्थाहरु समेत यो कार्यमा क्रियाशिल रहने । | नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको सचिवालयले जनताबाट आएका सुझावको विश्लेषण एवं अभिलेखीकरण गर्ने कार्य प्रारम्भ गरी निरन्तरता दिने । |
| ८ | जनताको रायसुझाव सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी सभामा पेश गर्ने र पुर्ण वैठकमा छलफल गर्ने । | २०७१ मंसिर मसान्तसम्म । | नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको प्रतिवेदनमाथि पुर्ण वैठकमा | नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले प्रतिवेदन तयार गर्ने । | यस कार्यमा सभाका सबै समिति सक्रिय रहने । | सम्भव भए सबै सुझावमा समितिको भनाई राखेर Individually Response |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | दलीय आधारमा छलफल गरी संविधानको पहिलो मस्यौदा परिमार्जन गरी संविधानको परिमार्जित विधेयक सभामा प्रस्तुत गर्न संविधानको विधेयकको मस्यौदा, जनताको प्रतिक्रियासहितको प्रतिवेदन, सभाको निर्देशनसहित संवैधानिक राजनीतिक-संवाद समितिमा पठाउने र संविधानको विधेयक आवश्यक परिमार्जन गरी सभामा पेश गर्ने । | सभाको निर्देशनअनुसार मस्यौदा तयार गर्ने । | | गरिने छ । यो कार्यमा विशेषज्ञको सहयोग लिन सकिने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | <u>संविधान विधेयक सम्बन्धमा</u><br>क) संविधानको पहिलो मस्यौदा जनताको रायवमोजिम परिमार्जन गरी संविधानको विधेयक सभामा पेश गर्ने ।<br><br>ख) संविधानको विधेयकको प्रति सबै सदस्यलाई वितरण गर्ने ।<br><br>ग) अन्तरिम संविधान र संविधानसभा नियमावली बमोजिम संविधानको विधेयकमाथि सभामा सामान्य छलफल ।<br><br>घ) विधेयकमाथि माननीय सदस्यहरुलाई संशोधन राख्ने म्याद दिने ।<br><br>ङ.) संशोधनसहित | २०७१ पुससम्म | सभामा संशोधन विधेयकमाथि सैद्धान्तिक छलफल गर्ने ।<br><br>सभामा संशोधनसहित दफावार छलफल हुने, संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्ने र सभावाट पारित गर्ने । | पुर्ण वैठकमा भएको छलफल र सुझावका आधारमा सहमति वमोजिम संविधान मस्यौदा समितिले पहिलो मस्यौदामा परिमार्जन गरी संविधानको विधेयक तयार गर्ने । यो कार्य गोप्य रुपमा सम्पन्न हुने । | विधेयक शाखाले माननीय सदस्यहरुलाई संविधानको विधेयक वितरण गर्ने । विधेयक शाखाले प्राप्त हुने संशोधनलाई विधेयकका धाराहरुको क्रमअनुसार क्रम मिलाई संशोधनको सुची तयार गर्ने । सभामा दफावार छलफलको क्रममा सर्वसम्मति हुन नसकेका विषयहरुमा अन्तरिम संविधानवमोजिम सबै संसदीय दलका नेताहरु बसेर टुंगो लगाउने कार्य समेत समानान्तर रुपमा हुँदै जाने ।<br><br>दफावार छलफलमा भएको संशोधनको | संविधानसभा सचिवालयको विधेयक शाखाले संशोधनसम्बन्धी विवरण तयार गर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विधेयकमाथिको दफावार छलफल सभामा गर्ने ।<br><br>च) संविधानको सबै धारा, प्रस्तावना र नामसहित सम्पुर्ण भाग सभाबाट पारित गरिने । | | | | निर्णय कार्यव्यवस्था शाखाले विधेयक शाखामा पठाउने । | |
| १० | क) पारित संविधानको प्रमाणीकरण प्रति तयार गरी सदस्यहरुले हस्ताक्षर गर्ने र अध्यक्षले विधेयक प्रमाणित गर्ने ।<br><br>ख) राष्ट्रपतिद्धारा प्रस्तुत संविधानको प्रतिमा हस्ताक्षर गरी नेपाली जनता समक्ष नयाँ संविधान प्रारम्भ भएको घोषणा गर्ने । | २०७१ माघ ८ गतेसम्म । | | | | |

**नोट :** *उल्लेखित कार्यको सहमतिका लागि निश्चित समय उपलब्ध गराउने र सो अवधिभित्र सहमति कायम हुन नसकेमा कार्यव्यवस्था परामर्श समितिको परामर्शमा नियमावली बमोजिमको प्रक्रियामा लैजाने ।*